म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५२ मंगलबार ११ बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 23 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेकपा स्थापना दिवसमा दीपप्रज्वलन

हेटौंडा, १० वैशाख/नेकपा (एकीकृत समाजवादी) मकवानपुरले हेटौंडा-४ स्थित पार्टी कार्यालय अगाडि सडकमा दीपप्रज्वलन गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को ७५ औं स्थापना दिवस मनाएको छ । पार्टीका स्थायी कमिटी सदस्य ललितबहादुर बस्नेतले दीपप्रज्वलन गर्दै कार्यक्रम शुभारम्भ गरे ।

कार्यक्रममा मकवानपुर जिल्ला अध्यक्ष बिष्णु दाहालले वि.सं.२००६ सालमा आजैका दिन नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको स्मरण गरे । 'नेपालमा आजका दिन कम्युनिष्ट पार्टी स्थापना भएको सम्झना गर्दै हामी स्थापना दिवस मनाइरहेका छौं ।,' अध्यक्ष दाहालले भने ।

दीपप्रज्वलनमा पार्टीका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज मुनु सिग्देल, केन्द्रीय सदस्य एवम् हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, पार्टी मकवानपुरका सचिव ध्रुव भुजेल, पार्टी जिल्ला सचिवालय सदस्य, जिल्ला सदस्य, युवा संघका सदस्यलगायत नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

# मन्त्रालयको विषयमा एमाले र नेकपा एसलाई 'जुधाउँदै' मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ बागमती प्रदेशमा मन्त्रालय बाँडफाँडको विषय थप पेचिलो बनिरहेको छ । सत्ता गठबन्धनभित्र मन्त्रालय हेरफेरको विषयमा हानथाप जारी छ ।

बागमतीमा १२ वटा मन्त्रालय १३ जना मन्त्री छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले १९ चैतमा एकीकृत समाजवादीबाट रमा आले मगरलाई विनाविभागीय मन्त्री नियुक्त गरेपछि गठबन्धन दलमा मन्त्रालय बाँडफाँडको विषयमा हानथाप भइरहेको हो । नेकपा एमालेले ठूलो दलको हैसियतमा पाँच वटा मन्त्रालय लिनुपर्ने तर्क प्रस्तुत गरेको छ भने एकीकृत समाजवादीले दुई वटा मन्त्रालयमा एउटा महत्वपूर्ण मन्त्रालय खोजेको छ ।



मन्त्रालय हेरफेरमा मुख्यमन्त्री जम्कट्टेलको भूमिकालाई लिएर नेकपा एमाले र नेकपा एकीकृत समाजवादीभित्र चर्काचर्की बहस हुने गरेको छ । माओवादीले लिइरहेको भौतिक पूर्वाधार विकास मन्त्रालय एकीकृत समाजवादीलाई दिने प्रतिबद्धता जनाएर २० चैतमा जम्कट्टेलले रमा आले मगरलाई विनाविभागीय मन्त्री नियुक्त गरे । जम्कट्टेलले मगरसँग एमाले संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया र एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनाललाई साछी राखेर भौतिक मन्त्रालय दिने वचन दिएका थिए ।

तर, हालसम्म पनि उनले वाचा पूरा नगरेको भन्दै मगर असन्तुष्ट बनेकी छन् । उनले सोमबार साझाकुरासँग प्रतिक्रिया व्यक्त गर्दै मुख्यमन्त्रीको भूमिकालाई लिएर आफूले सोच्ने बेला आएको बताएकी छन् । २० दिनसम्म मन्त्रालयको जिम्मेवारी नदिएको भन्दै उनी असन्तुष्ट बनिन् । 'मलाई एक हप्ताभित्र भौतिक मन्त्रालय दिन्छु भनेर उहाँले प्रतिबद्धता जनाउनु भएको हो । अहिले खानेपानी मन्त्रालय लिनुस् भनिरहनु भएको छ', मगरले भनिन् । खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय एमालेका एकालाल श्रेष्ठले सम्हालिरहेका छन् ।

एकीकृत समाजवादीले गठबन्धनमा शक्ति सन्तुलनका लागि भौतिक पूर्वाधार मन्त्रालय मागेको मगर बताउँछिन् । 'माओवादीबाट मुख्यमन्त्री हुनुहुन्छ । एमालेले आर्थिक मामिला मन्त्रालय लियो । अब तेस्रो ठूलो मन्त्रालय हाम्रो पार्टी (एकीकृत समाजवादी)ले पाउनुपर्ने स्वभाविक छ नि', मगरले सुनाइन् । उनले आफूलाई तत्काल मन्त्रालयको जिम्मेवारी नदिए राजीनामा दिन बाध्य हुने बताइन् । मुख्यमन्त्री जम्कट्टेल र मगरबीच आइतबार मन्त्रालयको जिम्मेवारीको विषयलाई लिएर छलफल भएको छ । भेटमा जम्कट्टेलले खानेपानी मन्त्रालय लिन आग्रह गरेको मगरले बताइन् । तर, आफूले सहमतिअनुसार भौतिक मन्त्रालयमै अडान लिएको मगरको भनाई छ ।

जम्कट्टेलले सहमति अनुसार भौतिक नदिएर एमालेले लिइरहेको खानेपानी दिन खोजेपछि एमाले पनि असन्तुष्ट बनेको छ । एमालेले एकीकृत समाजवादीलाई मन्त्रालय दिने विषय मुख्यमन्त्रीको निजी मामिलाको रुपमा टिप्पणी गरिरहेको छ । एमालेका मुख्य सचेतक मधुसुदन पौडेलले मन्त्रालय हेरफेरको विषय मुख्यमन्त्रीको विषय भएको बताए । 'हामीलाई सोधेर उहाँ (मुख्यमन्त्री)ले मन्त्री थप्नु भएको पनि होइन । उहाँले के दिन्छु भनेर नियुक्त गर्नु भएको हो, त्यो उहाँको विषय हो', पौडेलले भने ।

प्रदेशको मन्त्रालय भागबण्डा र न्यूनतम साझा कार्यक्रम निर्माणका सम्बन्धमा गठित कार्यदलले पनि मन्त्रालय हेरफेरको विषय टुंगो लाग्न सकेको छैन । कार्यदलको केही समयअघि काठमाडौंमा बसेको बैठकमा एमालेले मुख्यमन्त्रीले मन्त्रालय संख्या भन्दा माथि गएर मन्त्री नियुक्त गरेको विषयमा प्रश्न उठाएको थियो । मगरले सपथ लिएकै दिन अर्थात् २० चैतमा एमालेले दिउँसो थप चार मन्त्रीको सपथ गराएको थियो ।

एमालेले बाँकी चारवटै मन्त्रालयमा मन्त्री पठाएपछि एकीकृत समाजवादीकी मगर हालसम्म विनाविभागीयमै सीमित छिन् । मन्त्रालय बाँडफाँडमा एमाले र एकीकृत समाजवादीबीच राजनीतिक तिक्तता देखिएको छ । जुन तिक्ततामा मुख्यमन्त्री जम्कट्टेलको भूमिकाले मलजल गरिरहेको नेताहरुको गुनासो छ । जम्कट्टेल माओवादीले लिएको मन्त्रालय त्याग्न तयार देखिएका छैनन् । मन्त्रालयको भागबण्डामा हानथाप गरिरहँदा चालु आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने काम अधुरै रहने निश्चित देखिएको छ ।

# सिकाई प्रभावकारी बनाउन निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ शिक्षा विकास तथा समन्वय इकाईप्रमुख दिनानाथ गौतमले युगलाई आत्मासत गर्दै सिकाइ प्रभावकारी बनाउन शिक्षकलाई निर्देशन दिएका छन् ।

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा अध्यापनरत शिक्षकको लागि विषयगत पाठ्यक्रम, विशिष्टकरण तालिका, मूल्यांकन, कार्यमूलक अनुसन्धान तथा आइसीटीसम्बन्धी ३ दिने तालिम समापन गर्दै गौतमले शिक्षण सिकाइमा शिक्षकको प्रयास अपरिहार्य रहेको बताए । आजको युगमा प्रविधिलाई आत्मासात गरेर सिकाइएन भने गुणस्ततीय उपलब्धि हासिल नहुने उनले बताए । विगतमा के सिक्यौ ? नभनी अहिलेको सिकाइ उपलब्धि कसरी राम्रो गर्ने भन्नेमा ध्यान दिनुपर्ने उनले बताए ।

कार्यक्रममा विद्यालयको शैक्षिक उन्नयनका लागि वडा कार्यालय सधैं तयार रहेको हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनले बताए । शिक्षकले आफूलाई समयअनुसार दक्षता अभिवृद्धि गर्दै जानुपर्ने अध्यक्ष महर्जनले बताए । आगामी वर्षको नतिजा अझै उत्कृष्ट गराउने विद्यालय व्यवस्थापन समिति अध्यक्ष बलराम घिमिरेले बताए । विद्यार्थीलाई बिद्यालयमा टिकाउ, सिकाउ र दक्ष जनशक्तिको रुपमा बजारमा बिकाउको लागि शिक्षकको लगानी महत्वपूर्ण हुने प्रध्यानाध्यापक परमानन्द सरोज कर्णले बताए ।

शिक्षकहरु एकीकृत पाठ्यक्रमबारे अपडेट हुनुपर्ने भएकोले सिकाइ कहिल्यै पूरा नहुने तथ्यलाई मनन् गर्न सहायक प्राध्यापक सागर खतिवडाले आग्रह गरे । सही तरिकाले सिकाउने र सही मूल्यांकन गर्न कार्यक्रम उपयोगी हुने खतिवडाले बताए ।

नयाँ एकीकृत पाठ्यक्रम अनुसार अध्यापन गराउन पाठ्यक्रम प्रबोधिकरण गरिएको कार्यक्रम संयोजक खेमराज लामिछानेले बताए । त्रैमासिक परीक्षाको मूल्यांकन राख्ने, ग्रेडिङ गर्ने क्रियाकलापलाई व्यवहारिक बनाउन आवश्यक भएको उनले बताए ।

# सहकारी चोरी घटनामा मकवानपुरका ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ झापाका विभिन्न सहकारीबाट ३० लाख १६ हजार रुपैयाँ चोरी गरेको आरोपमा मकवानपुरका ६ जना युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ फाखेलका ३० वर्षीय सोमलाल स्याङ्तान, २१ वर्षीय सन्तबहादुर स्याङ्तान, २२ वर्षीय सुनिल स्याङ्तान, २५ वर्षीय बुद्ध स्याङ्तान, २६ वर्षीय सुजन स्याङ्तान र मकवानपुरगढी गाउँपालिका-८ का २८ वर्षीय अजय रानामगर रहेका छन् ।

उनीहरुले विभिन्न मितिमा १३ वटा सहकारीबाट ३० लाख १६ हजार ६८७ रुपैयाँ चोरी गरेको प्रवक्ता प्रहरी नायवउपरीक्षक कृष्णाकुमार चन्दले जानकारी दिए ।

उनीहरुलाई गएको शुक्रबार जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको टोलीले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको समन्वय र जिल्ला प्रहरी कार्यालय सुनसरीको सहकार्यमा इटहरीबाट पक्राउ गरेको हो ।

उनीहरुलाई दसी प्रमाणका सामानसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले उनीहरुविरुद्ध जिल्ला अदालत झापाबाट चोरी कसुरमा पाँच दिनको समय लिएर अनुसन्धान थालेको छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

नेपाल व्यवस्थापन संघ, वागमती प्रदेश समितिको पहल तथा हेटौंडा उपमहानगरपालिका, २ नं. वडा कार्यालयको सहयोगमा उद्यमशिलता वा व्यवसायिक नविनतम सोच, अवधारणा, परियोजना प्रस्ताव प्रस्तुतिका साथै त्यस्ता सोच, अवधारणा र परियोजना प्रस्तावहरु कार्यान्वयनमा लैजान आवश्यक नीतिगत, कानूनी, वित्तीय, बजारीकरण, संस्थागत क्षमता तथा मानव संसाधन, संजालीकरण जस्ता विधाहरुमा सम्बन्धित क्षेत्र तथा विषयमा अनुभवी विज्ञहरुबाट case by case पृष्ठपोषण गर्ने र कार्यान्वयनमा सहजीकरणसमेत गर्ने उद्देश्यका साथ हेटौंडामा नै पहिलो पटक 'स्वरोजगार मेला (Self-Employment Expo)' को आयोजना हुन गइरहेको हुँदा हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनैपनि विषयमा न्युनतम +2 उत्तीर्ण वा मध्यमस्तर (लेभल ५) सम्मको सीप भएका युवाहरुबाट स्वरोजगारमूलक उद्यमशीलता एवम् व्यवसायिक परियोजना सम्बन्धी सोच, अवधारणा वा परियोजना प्रस्ताव (Innovative Business Idea/Concept/Proposal) संस्थाले उपलब्ध गराएको ढाँचामा आगामी वैशाख २५ गतेभित्र निम्न ठेगाना वा इमेलमा Hard copy/Soft copy पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । साथै उत्कृष्ट ३ ओटा सोच, अवधारणा वा परियोजना प्रस्तावलाई प्रोत्साहन स्वरुप पुरस्कृतसमेत गरिने जानकारी गराइन्छ ।

अवधारणा पत्र पेश गर्ने ठेगाना

संघको कार्यालयः नलेज भिलेज, नवलपुर, हेटौंडा-११

फोन नं.: ०५७-५२३८०२, मोवाइलः ९८५१०६००८१

इमेलः manbpchtd@gmail.com

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वायरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.


हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081

From Nursery to Grade 9



Scholarships

a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !

Seats are limited

Book your seat on time

25 Years of Excellence in Education

Celebrating Silver Jubilee

HETAUDA ACADEMY

Residential Secondary School

Shahid Smarak, Nawalpur, Hetauda, Nepal

☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

☞ अनलाइन फर्म भर्ने सुविधा ।

☞ रोड टेस्ट गराइन्छ ।

☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।

☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।

☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः

सितलमहल चोकबाट

ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# रैथाने बालीमा चासो

एक दसक अघि मनहरी विकास संस्था (एमडीआई) ले रैथाने माछा संकटमा परेको तथ्य सार्वजनिक गरेको थियो । मकवानपुरको राप्ती, मनहरी, लोथर, कर्रा, सीमात, बकैया, सामरीलगायतका खोलामा दैनिक रुपमा करेन्ट लगाउने र बिषादि प्रयोग गरी माछा मार्ने गरिएका कारण रैथाने माछा संकटमा परेको हो । केही वर्ष अघि गरेको एक अध्ययनले राप्तीखोलामा ३७ प्रजातिका रैथाने माछा फेला परेको थियो । पछिल्लो एक दसकमा ती रैथाने माछा लोप भएको एक अध्ययनमा देखिएको छ । बिगतमा कति प्रजातिका माछा थिए भन्ने बिषयमा कतै पनि अध्ययन भएको थिएन । राप्ती खोलाका रैथाने माछा लोप भएका कारण माछा मारेर जीबिकोपार्जन गर्ने, बोटे, दनुवार, चेपाङ समुदायको पेशा नै संकटमा परेको छ । पर्सा राष्ट्रिय निकुञ्जले खोलामा माछा मार्न प्रतिबन्ध लगाएपछि मनहरी गाउँपालिकाले माछा मारेर जीबिकोपार्जन गर्ने जातिलाई खोलामा जाल हान्ने अनुमतिपत्र जारी गर्न सुरु गरेको छ । रैथानेबाली लोप हुने खतरा बढेपछि यसको संरक्षण र प्रवर्द्धनमा मकवानपुरगढी गाउँपालिकाले कोदो, फापर, जुनेलो जस्ता पौष्टिकतायुक्त रैथाने बाली संरक्षण गर्ने अभियान संचालन गरेको छ ।

रैथाने बाली हराउँदै गएपछि उत्पादन बृद्धिगर्न किसानलाई प्रोत्साहन गर्नुका साथै मूल्यको समेत सुनिश्चितता गरिएको छ । गाउँघरमा बढी फलाएर आम्दानी बृद्धि गर्ने नाममा रैथाने बालीको सट्टा हाइब्रिड बीउ लागउन सुरु गरिएको कारण रैथाने बाली संकटमा परेको हो । गाउँघरमा रोपिने स्थानीय करेला, घिरौंला, काँक्रो, सिमी, बोडी जस्ता तरकारीबाली लोप भएको छ । हाइब्रिड बीउ पनि भारतीय बजारबाट किन्नु पर्ने र तयसका लागि महंगो मूल्य चुकाउनु पर्ने र हाम्रो रैथाने बाली पनि संरक्षण गर्न नसक्ने दोधारको अवस्थामा हामी पुगेका छौं । भारतले धान, मकैको बीउ दिएन भने हाम्रो खेतबारी बाँझै रहने दिन नजिकै आएको छ । तर, गढी गाउँपाकिलाले लोप हुँदै गएका बालीको व्यावसायिक खेती गर्ने वातावरण सजना गरी किसानलाई हौसला प्रदान गर्न थालेको छ । बिगत ३ वर्षदेखि गाउँपालिकाले कोदो, जुनेलो, धानकोदो र फापरको न्युनतम समर्थन मूल्य तोकेपछि किसान खुशी भएका छन् । गाउँपालिकाले सहकारीमार्फत् रैथाने बाली खरिद गराई किसान र सहकारीलाई थप अनुदानसमेत दिँदै आएको छ । आर्थिक वर्ष २०७७/७८ देखि नै कोदो र फापरको न्युनतम समर्थन मूल्य तोकिदिएर सहकारीमार्फत् खरिद गर्ने व्यवस्था गरेको हहो । कोदो, फापरसँगै धानकोदो र जुनेलोको पनि समर्थन मूल्य तोकेर खरिदबिक्री भइरहेको छ । किसानले उत्पादन गरेका बालीको राम्रो मूल्य पाउने निश्चित भएपछि व्यावसायिक रुपमा खेती गर्नेहरु बढिरहेका छन् । पालिका भित्र अनुमानित तीनसय हेक्टर क्षेत्रफलमा कोदो खेती हुँदै आएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षको लागि कोदो र धानकोदोको मूल्य प्रतिकिलो ५४ रुपैयाँ, जुनेलोको ८४ र फापरको एकसय रुपैयाँ समर्थन मूल्य तोकेको थियो । न्युनतम समर्थन मूल्य निर्धारण भएपछि गाउँपालिकाले सूचनामार्फत् इच्छुक फर्म र सहकारीलाई आह्वान गर्ने गरेको छ । सोअनुरुप गाउँपालिकामै रहेको दुइवटा सहकारीले बर्सेनी किसानले गरेको रैथाने बाली खरिद र बिक्री गरिरहेका छन् । अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले गाउँलेका सबै कोदो खरिद गरी कोदोको पीठोको ब्रान्डिङ गरी बजार पठाउने गरेको छ । एकता स्वाबलम्बन कृषि सहकारीले फापर र जुनेलो खरिद गरी बिक्री गर्ने गरेको छ । न्युनतम समर्थन मूल्य तोकिएका अन्नबालीमा गाउँपालिकाले थप प्रतिकिलो १० रुपैयाँ अनुदानसमेत दिँदै आएको गाउँपालिकाले जनाएको छ । अनुदान रकममध्ये प्रतिकिलो ६ रुपैयाँ किसानले पाउनेछन् भने ४ रुपैयाँ खरिद गर्ने कृषि सहकारीले पाउने गरेका छन् । गाउँपालिकाले चालु वर्षमा अन्नबाली खरिद बिक्रीका लागि ५ लाख रुपैयाँ अनुदान छुट्याएको छ । चालु आवको चैत समान्तसम्म सहकारी मार्फत् ८ मेट्रिकटन फापर, ७ मेट्रिकटन कोदो र एक मेट्रिकटन जुनेलो संकलन भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १२ गते बुधबार २४ अप्रिल २०२४ । प्रतिपदा, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:३३ । विशालनगरमा वैष्णवीदेवी जात्रा

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | तुला | : मन खिन्न बनाउन सक्छ |
| वृष | : काममा परिवारकोसहयोग मिल्नेछ | वृश्चिक | : दिन उत्साहपूर्ण बन्नेछ |
| मिथुन | : स्वास्थ्यमा कमजोरी हुनेछ | धनु | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कर्कट | : उपचारमा खर्च हुनेछ | मकर | : व्यावसायिक यात्राकोसम्भावना छ |
| सिंह | : लेनदेनमा विवाद हुनेछ | कुम्भ | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| कन्या | : धार्मिक कार्यले फाइदा हुनेछ | मीन | : आम्दानी राम्रो हुनेछ |

# तस्करले धेरै, सरकारले थोरै चिनेको बुद्धचित्त



डा. मित्र पाठक

**रोशी** गाउँपालिका वडा नम्बर ५ नागबेलीस्थित रूख धनी शेरबहादुर तामाङको बारीमा रहेका बैना लिइएका रूख काटिएपछि बुद्धचित्त एक पटक फेरि चर्चामा छ । कुनै समय 'सुन भन्दा मूल्यवान् फल दिने बुद्धचित्त', एउटै रूखबाट १२ लाख कमाइ, एउटै रूखले दियो ३६ लाख आम्दानी आदित्यादि शीर्षकमा समाचार बन्ने बयर जातिको रूख हो बुद्धचित्त या बुद्धमाला ।

धेरैको मनमा जिज्ञासा हुन सक्छ- अहिले कस्तो छ त व्यापार त्यस्तो बिरुवाको, खेती कहाँ कहाँ भइरहेको छ, आम्दानी कस्तो छ ? त्यही बिरुवाको बारेमा हालसम्म प्राप्त जानकारी दिने प्रयास हो यो आलेख ।

वास्तवमा बुद्धचित्त वा बुद्धमालाको वासस्थानमै गएर त्यसको गहन अध्ययन गर्ने तथा उक्त समयमा संसारका लागि नयाँ प्रजाति व्याख्या गरी भगवान् बुद्धको नाममा समर्पित गरेर जिजिपस बुद्धेनसिस नामकरण गर्ने मध्येको मुख्य मान्छे यो पंक्तिकार पनि हो । त्यसैले यसको बारेमा लुकेका थोरै वैज्ञानिक तथ्यहरूलाई कृषक तथा जनतासामु पुर्याउनु आफ्नो दायित्व सम्झी यस प्रकाशन मार्फत अद्यावधिक गरिएको हो । पौराणिक किंवदन्ती अनुसार भगवान् बुद्धले तीन ठाउँ छाडेका बिरुवामध्ये लुम्बिनी र नमोबुद्धमा त्यो बिरुवा मरेर गएको तर काभ्रेको तिमाल क्षेत्रमा भने यो बिरुवा बाँचेको र सोही बिरुवा बढेर त्यसबाट अरू बिरुवाहरू फैलिएको हो भन्ने जनमानस तथा स्थलगत अध्ययनबाट पत्ता लागेको थियो ।

सन् २०१५ मा यो पंक्तिकार पीएचडी अध्ययनका लागि चीन पुग्दा चाइनिज एकेडेमी अफ साइन्स अन्तर्गतको छेन्दु इन्स्टिट्यूट अफ बायोलोजीको हर्बेरियममा बुद्धचित्त जस्तै नमूना भेटेर त्यसको र नेपालमा भेटिएको बुद्धचित्तको डीएनए तुलनात्मक अध्ययन गर्दा उस्तै भेटिएपछि यो बिरुवा १९७९ मै चाइनाबाट अर्कै नाम (जिजिपस सिआङजेनसिस) बाटै व्याख्या भइसकेको पाइएको थियो ।

**कुन बिरुवा हो बुद्धचित ?**

बुद्धचित्तलाई झट्ट हेर्दा मयल जस्तै देखिने यो बिरुवा वास्तवमा बयर जातिको एउटा प्रजाति हो । वैज्ञानिक भाषामा जिजिपस जेनेरिक नामबाट चिनिएको यो बिरुवाको प्रजाति भने अहिले जिजिपस सिआङजेनसिस स्वीकार्य नामबाटै चिनिन्छ । नेपालबाट हामीले प्रस्ताव गरिएको नाम जिजिपस बुद्धेनसिस पर्यायवाची नामको रूपमा रहेको छ । सानो छँदा काँडा सहित झण्डै लत्रिन आँटेका लामा-लामा हाँगा हुने यसको बोट जब ठूलो हुँदै जान्छ, विस्तारै काँडा कम देखिन थाल्छ ।

बढीमा यसको उचाइ ६ देखि ७ मिटर सम्म भेटिएको छ । यो वनस्पति सानो छँदा र ठूलो भइसकेपछि देखिने पातहरूको भिन्नता, रूखको प्रकृति र बीउमा पाइने रुद्राक्षको मुख जस्तो सुरहरू नै यसका अरू बयर भन्दा फरक गुणहरू हुन् । यो बिरुवा सामुद्रिक सतहबाट १२०० देखि २००० मिटरसम्म वनको आसपास फैलिएका जग्गा तथा पाखो बारीमा पाइएको छ ।

यो विगतदेखि नै थियो तर केही वर्षयता निकै चर्चा, चासो र बजारको समेत माग हुँदै आएको छ । यो बिरुवा के हो भन्ने सन्दर्भमा अध्ययन, अनुसन्धानको क्रममा काभ्रेपलाञ्चोक जिल्लाको तिमाल क्षेत्र र रामेछाप र दोलखा जिल्लाका केही स्थानहरूमा मात्रै भेटिएको छ भने चीनको सिचुवान प्रान्तको पश्चिमतिर खोला छेउछाउमा भेटिएको छ ।

**उपयोग तथा आम्दानी**

यो बिरुवा विशेषगरी बौद्ध तथा हिन्दु धर्मावलम्बीहरूले प्रयोगमा ल्याएको पाइएको छ । चीनमा पाइने एक प्रकारको चराको आँखाको आकृति जस्तो देखिने मुख तथा सुरहरूको आधार र फलको दानाको आकारको आधारमा यसको १०८ दाने मालालाई केही हजारदेखि चार-पाँच लाखसम्म पर्ने गरेको छ भने बिरुवा ५०० देखि १ हजार र बिरुवा उमार्नका लागि किनिने बीउ पाथीको २६ हजारदेखि ५० हजारसम्म पर्थ्यो कुनै समय । दाना जति सानो फल्यो त्यसको मूल्य त्यति नै बढी हुने गर्छ । यसले गर्दा मुरीका मुरी फल्ने एउटै रूखबाट ३६ लाख कमाइ हुनु अनौठो थिएन ।

बयर जातिको भएकोले थोरै पानी पर्ने, सुख्खा, ग्रेगेटो र धेरै जसो रातो माटोमा यसको खेती राम्रो भएको पाइएको छ । रोपेको ३ देखि ४ वर्षबाटै फल दिन थाल्ने यो बिरुवालाई रोपेपछि त्यति स्याहार नभए पनि हुन्छ । खेती प्रविधिका लागि यसको बिरुवा रोपी अध्ययन कार्य जारी पनि छ । चार पाँच वर्ष पहिला पत्र-पत्रिकामा यसको महत्वको बारेमा जानकारी बाहिर आइसकेपछि देशैभरि यसको व्यावसायिक खेती गर्ने लहर नै चल्यो । तिमाल क्षेत्र लगायत अन्य ठाउँमा पनि फल राम्रै फले र फल्ने क्रममा छन् । तर कोरोनाको बेला यसको व्यापार केही मत्थर भएको जस्तो देखिन्थ्यो । फलको व्यापारमा मुख्य भूमिका खेल्ने चीनमा बढेको कोरोना पनि यसको कारण हुन सक्छ । फलत: चाइनिज व्यापारीहरू तिमाल धाउन छाडेका थिए तर रूख काटिएको विवादसँगै अब फेरि एक पटक बुद्धचित्तले बजार तताएको छ ।

**किन रूचाउँछन् चाइनिजहरूले बुद्धचित्त ?**

सन् २०१५ देखि २०१९ सम्म अध्ययनको सिलसिलामा चीनमा रहँदा जहाँ जहाँ पुगिन्थ्यो त्यहाँ त्यहाँ बुद्धचित्तको व्यापार बुझ्न यो पंक्तिकार झन्डै दश ठूला शहरका माला बजार र पसल घुमेको थियो कुनै बेला । ठूलो जनसंख्या कुनै धर्ममा पनि नबाँधिएको चाइनामा बुद्धचित्तको व्यापार कहाँ र किन भइरहेको होला भन्ने जिज्ञासा मेटाउनु थियो पंक्तिकारलाई । तर उत्तर पाउन सजिलो थिएन ।

थोरैले मात्रै प्रयोग गरेको भेटियो तर माला र रूखको बारेमा धेरै थोरै जानकारी भने धेरैलाई थियो । बुद्ध धर्म मान्नेले त ध्यान, जपका लागि प्रयोग गरेको देखिएको हो तर सोखले प्रयोग गर्नेको संख्या पनि कम छैन । साथमा पैसा प्रशस्त भएपछि आफ्ना देशमा पर्याप्त नपाइने बजारमा आएका नयाँ कुरा प्रयोग गरिहाल्ने चाइनिज सोखले पनि बुद्धचित्त र रुद्राक्ष जस्ता फलको व्यापार बढाउन सघाएको छ भन्न सकिन्छ ।

यति हुँदाहुँदै पनि चीनका ठूला शहरमा अझै पनि कि त बुद्धचित्त मालाको उपस्थिति न्यून छ कि छँदै छैन । अर्कोतर्फ सिचुआन प्रान्तको केही ठाउँमा फाट्टफुट्ट पाइने बुद्धचित्तले ठूलो देश चीनको व्यापार धान्ने अवस्था पनि देखिँदैन । यो अर्थमा नेपालमा आउने केही वर्ष यसको व्यापार घट्ने अवस्था देखिँदैन तर चाइनाका केही ठाउँमा यसको खेती गरेको चाइनिज साथीहरूको संगतबाट जानकारीमा आएको छ ।

यसो भन्दैमा सबैले यसैको खेती मात्रै गरेर भोलिका दिनमा बिक्री भएन भने कुनै बेला एलोभेराको व्यापारको अवस्था नआउला भन्न पनि सकिन्न । फेरि २०७२ सालपछि यो पंक्तिकार लगायतको टीमको खोजपछि, हल्लाखल्लापछि सुरु भएको बुद्धचित्तको खेती फल्न सुरु गरेकाले नेपालमा पनि यसको उत्पादन बढ्दो क्रममा छ । सल्यान र रुकुमका किसानले वनस्पति अनुसन्धान केन्द्र सल्यानमा मूल्य र बजारका बारेमा गरेको पटक-पटकको शोधखोजले पनि यो कुरा झल्किन्छ ।

**अब के गर्ने ?**

हामीले विशेष खालको प्रविधिको माध्यमबाट यसको दिगो उपयोग गर्ने सन्दर्भमा ध्यान दिनुपर्दछ । यो दिगो आम्दानीको स्रोत बनोस्, यसको नर्सरीको विकास गरी नेपालको उपयुक्त ठाउँहरू कहाँ-कहाँ छन् त्यसको बारेमा समेत बृहत् अध्ययन, अनुसन्धान गर्ने, यसले जैविक महत्व तथा धार्मिक महत्व राख्ने विषयसँग पनि अध्ययन गरिनुपर्दछ ।

अबको अनुसन्धान यसको मूल्य बढी हुने सानो आकार र धेरै सुर वा मुख भएका गुणस्तरयुक्त फल बनाउने वा फलाउने सन्दर्भमा ध्यान पुर्याउनुपर्दछ । यसको रासायनिक तत्वहरूको अध्ययन अनुसन्धान गर्ने, यो दुर्लभ जस्तै भएकोले यसको सारतत्वको सन्दर्भमा नेपालमा भएको वैज्ञानिकहरू मात्रबाट सम्भव नहुन सक्छ । त्यसवेला विदेशीहरूलाई समेत ल्याई वा विदेशमा गएर विज्ञता हासिल गरेर पनि हामीले यसको प्रमोसन गर्नुपर्दछ ।

एउटा दुइटा बिरुवाले मात्रै पनि देशको अर्थतन्त्र चलायमान बनाएका थुप्रै उदाहरण छन् विश्वमा तसर्थ देशले नचिनेको बहुमूल्य बुद्धचित्त भन्ने दिन नआओस् । बेलैमा यसको बहुपक्षीय रूपमा ध्यान दिई यसको औषधीय गुण तथा अन्य गुणको सन्दर्भमा पनि कम्तीमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय एवं वनस्पति विभाग स्पष्ट हुनु नितान्त आवश्यक छ ।

व्यापारको क्रममा कृषक तथा व्यापारीहरूले निकै सास्ती भोग्नु परेको खबर पनि बाक्लै सुनिन्छ यसतर्फ पनि सरकारी निकायहरूको तुरुन्त ध्यान जानु जरुरी देखिन्छ । किसानले फलाएका रूखको रक्षा गर्नु पनि सरकारको दायित्व हो । स्थानीय सरकार यसमा अझै चनाखो हुनुपर्छ । शीर्षकमा भनिए जस्तो गुण्डा र तस्कर हरूले बढी चिनेको, सरकारले कमै चिनेको हुनुहुँदैन बुद्धचित्त ।

अन्त्यमा, समयको गतिसँगै बुद्धचित्त जस्तै फल दिने रुद्राक्ष तथा औषधिको रूपमा प्रयोग हुने बहुमूल्य हिमाली जडीबुटी एवं सुनगाभा तथा अन्य फल जाति र अमूल्य काठ दिने रक्तचन्दन, श्रीखण्ड, अगरउड जस्ता बिरुवाको पहिले व्यापक अनुसन्धान र त्यसपछि उपयोगमा नआएका वन छेउछाउमा जमिनमा व्यावसायिक खेती मार्फत किसानहरूलाई प्रविधि हस्तान्तरण गर्न सके यो देशको अर्थतन्त्रमा आर्थिक रूपले सम्भावना बोकेका वनस्पतिहरूको पनि केही हिस्सा अवश्य रहन्थ्यो ।

घिउकुमारी र स्टेभिया जस्तै बिरुवाको नाममा नेटवर्किङ गर्नेहरूलाई निरुत्साहित गरी सरकारले आर्थिक महत्वका यस्ता वनस्पतिको पहिचान गरी भ्यालु एड गर्ने, किसानसमक्ष प्राविधिक ज्ञान, न्यूनतम मूल्यमा खरिद गरिदिने वा उत्पादनका आधारमा अनुदान दिने, जडीबुटी एवं बहुमूल्य वनस्पतिको बीमा गरिदिने, जडीबुटीको उपयोग हुने साना उद्योगमा प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम लैजान र जनतासमक्ष लगिसकेका कार्यक्रमको दिगो कार्यान्वयनका लागि अब कत्ति ढिला गर्नुहुँदैन ।

*(साभार: अनलाइनखबर)*

# राजनीतिभित्रको लाजनीति



अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशमा नयाँ गठबन्धन पनि धर्मराउन थालेको छ । कुनै दलमा पति-पत्नीबीच पनि कुटाकुट भएको छ । सचिव सरुवा पनि ब्याक डेटमा गरियो भन्दै मुख्य सचिवप्रति आलोचना गरिएको छ । मौकामा चौका हान्न यहाँ दलहरु रातरातै गठबन्धन परिवर्तन गर्छन् । सबैले सबैको जुठो खाइसकेका छन् तर हेर्दा भिन्न देखिए पनि हाम्रा नेताहरुको मिलिभगत छ ।

आलोपालो सिंहदरबार र बालुवाटार, जनता सडकमा लम्पसार ! अब त लोकतन्त्रमा सडकमा लम्पसार पनि गर्न नपाइने भएको छ । भएभरका ठाउँ निषेधित छन् । पञ्चायतले टुँडिखेल खुल्ला राख्यो तर लोकतन्त्रले भोटेताल्चा लगाएको छ । देशमा संविधानले जटिल मोड लिएको धेरै वर्ष भइसकेको छ । यसअघि बजेट होलिडे पनि देखिएकै हो । अहिले बजेट मिलाउन धौधौ परेको छ । ढुकुटी खाली छ, दायित्व धेरै छ, भुक्तानी भएको छैन, विकासका काम लगभग ठप्प छन् । संविधानत: बनेका अंगहरुका बीच हुन नसकेको तालमेल र समन्वयको अभावमा यस्तो भएको हो ।

अहिले गठजोड गरेकाहरुबाटै कोमामा गएको संसद् दुईपल्ट फिर्ता हुँदा पनि राम्ररी चल्न सकेन । अहिले पनि विधेयकहरु सल्टाउने भन्दा अड्काउने प्रवृत्ति हाबी छ । विधेयक अधिवेशनमा निजामती विधेयक, शिक्षालगायतका धेरै विषय समसामयिकरुपमा आउनुपर्थ्यो । अधिवेशनको एजेन्डा देशको छैन, सजातीय गठजोड भए पनि संसद् सरकारको छायामा र नभुल्ल छ ।

विकसित देशमा विकासमा प्रशासन हुन्छ, प्रशासनमा विकास हुन्छ । राजनीतिभित्र राजनीति घुसिरहन्न सधैं ! तर हामीकहाँ खोपमा राजनीति हुन्छ, शिक्षामा राजनीति हुन्छ, स्वास्थ्यमा सधैं भएको हो । आबासमा पनि राजनीति, कृषिमा राजनीति, रोजगारीमा राजनीति, प्रशासनमा राजनीति, संस्थानमा राजनीति, राहत र उद्धारमा राजनीति, व्यापार र उद्योगमा राजनीति, विदेश सम्बन्धमा राजनीति सबैतिर राजनीति छ । ६० वर्षअघिदेखि देशमा पुनर्बास र सुकुम्बासीको समस्या समाधान गर्ने भनिएको तर यसैमा राजनीति छ, भोट बैंक छ । गरिब, असहाय, जग्गाजमिन नभएकाहरुको तीनपुस्ते तथ्यांक संकलन नभई हचुवामा जग्गा वितरण गरियो । सरकार परिवर्तनसँगै ती विषय ओझेल पनि परेका हुन् ।

तिनलाई जग्गाभन्दा सीप र शिक्षा अनि रोजगारी दिनुपर्ने थियो । मानौं, स्वदेश, विदेश सबैमा राजनीति ! साँच्चै अन्य व्यवसाय सुके पनि देशको राजनीतिक व्यवसाय फुकेको छ । नियुक्ति, सरुवा, बढुवामा राजनीति हुँदा पनि संघीयताको कार्यान्वयन गर्ने स्थानीय तहमा ५० हजार कर्मचारीको दरबन्दी पूर्ति नभएको देख्दा उदेक लाग्छ । निजामती सेवा विधेयक संसद्मा पुगेको छ । फेरि उही टालटुले अवस्थामा, प्रशासनिक संघीयता आउने छाँट छैन अझै देशमा । साँच्चै सेक्सपियरले उहिल्यै भनेका थिए, राजनीति त्यस्तो विषय हो जसले ईश्वरलाई समेत धोका दिन्छ । अहिले अमुक दललाई त्यही भएको छ, जनतालाई त जो आए पनि के फरक छ र !

भारतमा पनि सरकार परिवर्तन हुन्छ तर स्थायी सरकार भनिएको प्रशासनयन्त्र बलियो छ । अमेरिकामा पनि हायर एन्ड फायर प्रणाली छ र पनि संरचना पूरै ध्वस्त हुने गरी फेरबदल हुँदैन । तर यहाँ सरकार परिवर्तन हुनासाथ प्रशासनयन्त्र गिजोलिन्छ । तुरुन्तै गृह सचिव बदलिए अहिले, बिस्तारै धेरै बदलिँदै छन् । यसअघि पनि सरकारले पूर्णता नपाउँदै दुई महिना अवधिमा सरकारले धेरैपटक सचिव एवं अन्य कर्मचारीहरुको सरुवा गरिसकेको हो ! संस्थागत सुधार गर्ने क्रममा कोही राम्रा मान्छे आउलान् तर अधिकांश आउने भनेका दलका कोटाबाटै हुन् । योग्यता, विज्ञता र क्षमतामा आइहाले भने ती टिक्न, बस्न सक्दैनन् । महँगीले आकाश छोयो, यसपालि कर्मचारीको तलब बढाउनै पर्ने हो तर बजेटले नेता पाल्न पुगेको छैन, कर्मचारी त दलका खेताला नै भएका छन् । जबकि महँगीको तुलनामा तलबमानमा वृद्धि गर्दै जाने नीति रहेको हो तर यो नीतिले काम गरेको छैन । तलब त्यो पनि अति न्यून वृद्धि हुन नपाई बजारभाउले दिनदिनै आकाश छोएकै छ । सरकारको मूल्य नियन्त्रण नीतिले काम गरेको छैन । कारण देशको उत्पादन छैन, खाद्यान्नमा धान मात्रै २१ अर्बको आयात भएको छ विगत ८ महिनामा । अधिकांश वस्तुहरु विदेशबाट आयात गर्नुपर्छ र भन्सार राजस्व असुल्नै पर्ने हुँदा बजारभाउ टिकिसक्नु छैन । सरकारले आन्तरिक स्रोत जुटाउने माध्यम नै यही देखाएको छ । राजनीति हाबी भएकाले देशमा उद्योगधन्दा चौपट छन् । कौडीको मोलमा कलकारखानाहरु बेचिएका छन् । निजीकरणको नाममा लापर बाही हुँदा सार्वजनिक संस्थानहरु ध्वस्त भए । सरकारले ६ खर्ब ५४ अर्ब लगानी गरेको सार्वजनिक संस्थानहरुमध्ये डेढ दर्जन संस्थान घाटामा छन् ! महँगो इन्धन बेच्ने आयल निगम, महँगै बिजुली बेच्ने विद्युत् प्राधिकरण नाफामा छ, बाँकी सबैजसो घाटामा छन्, महँगै टिकटको व्यापार गर्ने वायु सेवा निगम पनि । उत्पादनलाई बढाउने, व्यापारघाटा कम गर्ने भन्दै सरकारले अनेकौं बुँदासहितको साझा नीति तथा कार्यक्रम ल्याउँदा त्यसका लागि स्रोत जुटाउने विषयमा मौन देखिएको छ । सीमा विवादलाई छलफलबाट समाधान गरिने भनियो । लिपुलेक, लिम्पियाधुरा, कालापानी फिर्ता हुने अवस्था देखिएन, जसले गर्दा यहाँ पनि राजनीति छ भन्नुपर्छ ।

सार्वजनिक ओहदाका पदहरु पूर्ति गर्दा दलभक्तिभन्दा देशभक्ति हुनुपर्ने हो । चुनाव मात्र लक्षित विचार हुनु भनेको केवल नेता हुनु हो र देशको भविष्यसम्मको दिगो आँकलन गर्नु भनेको राजनेताको गुण हो भन्ने यथार्थलाई हाम्रा नेताजीहरुले बिर्सेका छन् । यसका लागि त मलेसिया, सिंगापुर, चीनका विगतका नेताहरुलाई हेर्नुपर्ने हो । टाढा नै किन जाने, नजिकका गान्धी नै उदाहरण थिए । सुराही र छाता लिएर कुर्सीमा पुग्ने, फर्कंदा त्यसैमा फर्कने हामीकहाँ पनि नभएका होइनन् । सवारी सुविधा नलिने, आवास सुविधा, उपचार खर्च नलिने पनि हामीकहाँ नै थिए र छन् पनि ! तर अधिकांशले बहानाबाजीमा देशको ढुकुटीमा हालिमुहाली गर्न नछोडेका कैयौं उदाहरण छन् यहाँ । देश गरिब भए बाह्य ऋण आइहाल्छ भन्दै विलासी जीवन र अनावश्यक संयन्त्र थोपर्दै संस्थाहरु खडा गर्ने, दलीय भागवण्डामा पूर्ति गर्दै जाने, ढुकुटी रित्याउने हाम्रो चलन नयाँ होइन, र त देशले तीन-चार वर्ष नपुग्दै ऋणको मात्रा तेब्बर व्यहोर्नुपरेको छ भने महामारीजस्ता विषयमा आफूले खरिद गर्न नसकेर अरुले दिएको उपकरण, खोपमा भर पर्नुपरेको छ ।

दाताले दिएमा जति पनि लिने, जे जुन विषयमा लिन इच्छा गर्नाले नै एमसीसी आएको हो । लामो समयदेखि देश हाँक्ने स्थायी सरकार प्रशासनयन्त्र निष्क्रिय छ । मन्त्रालय हाँक्ने सचिव, मन्त्री संघ-संगठनको आशय नबुझी कुनै निर्णय गर्न सक्तैनन् । संघ-संगठनको कोपभाजनमा परी ६ महिनामा ३ पल्ट सरुवा गरिने चलन यहीं छ । गणतन्त्रको उपहार नै भन्नुपर्छ, मन्त्रालय वा विभागीय प्रमुखहरु निरीह छन् । कार्यालय सहयोगी, सुब्बा वा यस्तै तहका व्यक्तिहरु मञ्चमा बसेर भाषण गर्छन् । विशिष्ट श्रेणीका ओहदावालहरु तलको श्रोता दिर्घामा बस्छन्, सुन्छन् । न यहाँ प्रशासनका गुरु लुथर गुलिकको पोस्टकर्बले काम गरेको छ, न त मास्लोको हाइरार्किकल सिस्टमले नै ! यहाँ काम भनसुनले चलेको छ, जसरी खेतीपाती मनसुनले ! जनता कंगाल हुने, नेता आलिसान बंगला र विलासी गाडीमा हुइँकिने, जनप्रतिनिधि भनिएकाहरुले पनि दर्जनौं सुरक्षाकर्मी अघि-पछि लगाउनुपर्ने ! कहीं नभएको सिस्टम छ यहाँ ।

डेनमार्ककी प्रधानमन्त्री आफ्नो कार्यालय जाँदा-आउँदा साइकल चढे पनि हुने, दुईपल्ट राष्ट्रपति कार्यकाल बिताएका अमेरिकी राष्ट्रपतिले छोरी पढाउने खर्च जुटाउन होटलमा काम गर्नुपर्ने तर यहाँ नेताजीहरुले ज्वरो आउँदा विदेश जानुपर्ने, जीवनभरि सुविधा लिनुपर्ने, मरेपछि संस्था खोलेर सरकारी ढुकुटी त्यतै संस्थातिर हालिदिनुपर्ने, विगतदेखिको सावाँ-ब्याजसमेतको पूर्ति गर्नुपर्ने, कस्तो टिठ लाग्दो, असह्य र पीडादायी विषय छ हामीकहाँ ! अब त शहीदका नामबाट पनि लिन थालिएको छ, यसको संख्या वृद्धि हुँदै छ । संघीयतामा हरेक विषयमा मुद्दा पर्ने, हरविषयमा सम्झौता हुनुपर्ने, योग्यता, क्षमता र विज्ञताको कदर नहुने, यस्तै चलन छ यहाँ । वर्षौंसम्म एउटाले पेट भर्ने र अर्कोले त्यही प्रथा कायम राख्ने संस्कृति हुर्केको छ ।

करोडौं खर्च गरेर चम्किलो भएको रेललाई खिया लागुन्जेल दुलहीलाई पछ्यौराले छोपेझैं छोपेर राखियो । पूर्व-पश्चिम रेल कुदाउने, रसुवादेखि वीरगन्जसम्म रेल गुड्ने सपना देखाइयो । राजधानीको बाटोमा पानी पर्दा ५ मिनेटमै बाटो हराउने तर अन्य देशमा पानी पर्दा ५ मिनेटमै बाटामा पानी हराउने सिस्टम यहाँ फलो गरिएन । दुर्भाग्य नै भन्नुपर्छ, साढे आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिँदा ठीक उल्टो ऋणात्मक आर्थिक वृद्धि यहीँ पनि भयो । चालू वर्ष ६ प्रतिशतको वृद्धि लक्ष्य राख्दा भर्खरै विश्व बैंकले ३ प्रतिशतमा झारि सकेको छ । यहाँ कार्यक्रमको उद्घाटनमा भीड हुन्छ, जन्ती र मलामीमा भीड हुन्छ, भाषणबाजीमा भीड हुन्छ, आदर्शका सपना बाँड्ने काममा भीड हुन्छ तर व्यवहार र यथार्थमा देश कस्तो छ, देशवासी कहाँ कुन स्तरमा पुगेका छन्, विकासको सपना के भयो, जनता करको र महामारीको डरको भुमरीमा कति छन् भन्ने सोचिँदैन । शोक र सन्तापमै रहनका लागि देशमा यत्रा विधि परिवर्तन भएका हुन त ?

# विदेशी लगानी आकर्षित गर्न सरकारले बदल्यो ९ ऐन, के थपियो-के हटाइयो ?

काठमाडौं / सरकारले तेस्रो लगानी सम्मेलन लक्षित गर्दै विभिन्न ऐन संशोधन गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक स्वीकृत गर्दै अध्यादेश जारी गर्न राष्ट्रपति कार्यालय पठाएको हो ।

सरकारले यी ऐन संशोधन प्रक्रिया निजी क्षेत्रसँगको समन्वयमा अगाडि बढाएको थियो । नेपाल उद्योग परिसंघ अध्यक्ष राजेशकुमार अग्रवालका अनुसार नेपालका धेरै ऐनमा संशोधन गर्नुपर्ने आवश्यकता छ । तर, तत्कालका लागि अनिवार्य कानुनी जटिलता सल्ट्याउने गरी अहिले ऐन संशोधन गरिएको हो ।



सरकारले विभिन्न ९ ऐन संशोधन गर्दै जारी भएको अध्यादेशले जग्गाको हदबन्दी, जग्गा अधिग्रहणको मुआब्जा, सूचना प्रविधिका लागि आवश्यक सेवा र सामग्री आयातमा सहजीकरण जस्ता व्यवस्था गरेको छ । यसका साथै नेपालमा स्थापना भएका उद्योगले विदेशमा पनि लगानी हस्तान्तरण गर्न सक्ने, विदेशमा शाखा वा इकाई खोल्न सक्ने प्रावधानसमेत ऐनमा समेटिएको छ ।

**हदबन्दीभन्दा बढी जग्गा हुनेले निवेदन दिन सक्ने**

भूमिसम्बन्धी ऐन संशोधन गर्दै यसअघि निवेदन दिन नसकेका उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिका लागि मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष निवेदन दिन सक्ने भएका छन् ।

यस्तो निवेदन मनासिब देखिए तराई र भित्री मधेशका हकमा प्रतिबिघा १ लाख ५० हजार रुपैयाँ, काठमाडौं उपत्यकामा प्रतिरोपनी ५० हजार रुपैयाँ र अन्य पहाडी क्षेत्रका हकमा प्रतिरोपनी १० हजार रुपैयाँका दरले दस्तुर लिई हदबन्दी भित्रको जग्गा राख्न स्वीकृति दिन सक्ने व्यवस्था छ । त्यसैगरी हदबन्दीभित्रको जग्गा बेचेर ऋण र दायित्व भुक्तानी गर्न सक्ने व्यवस्था भएको छ ।

'अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्ने सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भए बैंक तथा वित्तीय संस्थाको ऋण फर फारक र दायित्व भुक्तानी गर्न हदभित्रको जग्गा मन्त्रालयले तोकेको सर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकका लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन,' भूमि सम्बन्धी ऐनको संशोधनमा छ ।

यस्तै हदबन्दीभन्दा बढी जग्गा भए विभाग तथा कार्यालयले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख बनाइराख्नुपर्ने व्यवस्थासमेत भएको छ । तर, त्यसरी हदभित्रको जग्गा बिक्री वितरण गरिएका कारण जग्गा बिक्री गर्नुभन्दा अघि हदबन्दी भन्दा बढी रहेको जग्गा हदभित्र कायम भएको भने नमिल्ने व्यवस्था भएको हो ।

**रजिस्ट्रेसन मूल्यांकनको बढीमा ३ गुणा मुआब्जा**

यस्तै जग्गा प्राप्त ऐन २०३४ संशोधन गर्दै मुआब्जा निर्धारण गर्दा रजिस्ट्रेसन दस्तुरको ३ गुणा तोकेको छ । 'मुआब्जा निर्धारण गर्दा रजिस्ट्रेसनको प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको तीन गुणाभन्दा बढी मुआब्जा रकम निर्धारण गरिने छैन,' संशोधित व्यवस्थामा छ ।

**निकुञ्जभित्र आयोजना सञ्चालन गर्न सहज**

सोही अध्यादेशमार्फत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ संशोधन गर्दै राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र अतिसंवेदनशील क्षेत्र तोक्न सक्ने गरी प्रावधान ल्याइएको छ ।

'नेपाल सरकारले आवश्यक ठानेमा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील क्षेत्र भनी तोक्न सक्ने छ,' राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को संशोधनमा छ ।

राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्व कायम हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिए बमोजिम स्वीकृति दिन सक्ने व्यवस्थासमेत भएको छ ।

**आईटी कम्पनीले विदेशमा शाखा खोले डलर सटही सुविधा**

कम्प्युटर नेटवर्क वा कम्प्युटर प्रणालीमा प्रयोग हुने सफ्टवेयर, हार्डवेयर तथा कम्प्युटर र सूचना प्रविधिसँग सम्बन्धित सामग्री वा सेवा आयातमा सहजीकरण गरेको छ । विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन गर्दै उक्त व्यवस्था भएको छ ।

'कम्प्युटर नेटवर्क वा कम्प्युटर प्रणालीमा प्रयोग हुने कुनै सफ्टवेयर, हार्डवेयर वा कम्प्युटर वा सूचना प्रविधिसँग सम्बन्धित सामग्री वा सेवा विदेशबाट आयात गर्दा विदेशी मुद्रामा रकम भुक्तानी गर्नुपर्ने भई सम्बन्धित लगानीकर्ताले त्यस्ता सामग्री वा सेवा नेपालमा भित्र्याउन विदेशी मुद्रा सटही सुविधा माग गरे सूचना प्रविधि विभागले प्रचलित कानुन बमोजिम विदेशी मुद्रा सटहीका लागि नेपाल राष्ट्र बैंकमा सिफारिस गर्नुपर्ने छ,' संशोधित ऐनमा छ ।

नेपालमा स्थापित सूचना प्रविधिमा आधारित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले विदेशमा वा इकाई खोली व्यापारिक कारोबार गर्न सक्ने भएका छन् । सूचना प्रविधिमा आधारित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले निर्माण गरेको सफ्टवेयर वा सूचना प्रविधि विषयसँग सम्बन्धित सेवा निर्यात गरी आर्जित रकम नेपालमा भित्र्याउने प्रयोजनको शाखा खोल्न सक्ने व्यवस्था भएको हो ।

यसरी शाखा खोलेर व्यापारिक कारोबार गर्न आवश्यक भई कम्पनीले त्यसको पुष्ट्याइँ गर्ने कागजातसहित निवेदन दिए सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यस्तो शाखा कार्यालय वा इकाई खोल्न अनुमति दिने व्यवस्था भएको जनाएको छ ।

सञ्चार मन्त्रालयको सिफारिसमा राष्ट्र बैंकले विदेशमा शाखा कार्यालय वा इकाई स्थापना र सञ्चालन गर्न आवश्यक विदेशी मुद्रा सटही गर्न एक पटकका लागि सुविधा प्रदान गर्न सक्ने व्यस्था संशोधित ऐनमा छ ।

**विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गर्न सकिने**

सरकारले विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गर्न सक्ने व्यवस्था गरेको छ । विशेष आर्थिक क्षेत्र ऐन, २०७३ संशोधनमार्फत उक्त व्यवस्था भएको हो । यसअघि विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गर्न नसकिने व्यवस्था थियो ।

ऐनको दफा ७ संशोधन गर्दै उक्त दफा लागु हुँदाका बखत प्रचलित कानुन बमोजिम दर्ता भई वा अनुमतिपत्र लिई विशेष आर्थिक क्षेत्र बाहिर सञ्चालनमा रहेको उद्योगका लगानीकर्ताले प्रयोगमा ल्याइसकेको मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था गरेको हो ।

यसरी स्थानान्तरण भएको उद्योगले आफ्नो उत्पादनमा निर्यात गर्नुपर्ने हिस्सा पनि घटाइएको छ । हाल अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र ६० प्रतिशत निर्यात गर्नुपर्ने व्यवस्था थियो । अब त्यसलाई संशोधन गर्दै स्थानान्तरण भएर आएका उद्योगले पनि उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा ३० प्रतिशत वस्तु वा सेवा निर्यात गर्दा हुने भएको छ ।

स्थानान्तरण भएको उद्योगले सञ्चालनमा आएको तीन वर्षभित्र उद्योगबाट उत्पादन भएको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्ने भएको छ । यसअघि उद्योग स्थापना भएको एक वर्षमा नै बिक्री सुरु गर्नुपर्ने व्यवस्था थियो । यसरी स्थानान्तरण भएको उद्योगले आयकरमा छुट भने नपाउने संशोधित ऐनमा उल्लेख छ ।

**लगानी स्वीकृत बोर्डमा अर्थ मन्त्रालयको उपस्थिति**

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन गर्दै लगानी स्वीकृत बोर्डमा अर्थ मन्त्रालयको सचिव पनि सदस्य हुने व्यवस्था थप गरिएको छ ।

**नदीजन्य खनिज पदार्थ वन पैदावर सूचीबाट हट्यो**

वन ऐन २०७६ मा संशोधन गर्दै नदीजन्य खनिजजन्य पदार्थ वन पैदावरको सूचीबाट हटाएको छ । राष्ट्रिय वनभित्र, सुन, चाँदी, तामा, फलाम मात्रै नभएर अन्वेषणबाट जुनसुकै खनिज पदार्थ रहेको पत्ता लागेर उत्खनन गर्नुपर्ने भए प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भए त्यस्तो खनिज पदार्थ उत्खनन गर्न नेपाल सरकारले वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्ने व्यवथा भएको छ ।

तर, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत भएको आयोजना साथै राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा प्रयोग हुने कच्चापदार्थ उपयोग गर्नबाहेक वन क्षेत्रभित्र पर्ने चट्टान, ढुंगा र माटो उत्खनन गर्न भने रोक लगाएको छ ।

**नेपालमा स्थापना भएको उद्योगले विदेशमा पनि लगानी हस्तान्तरण गर्न सक्ने**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ संशोधन गर्दै सरकारले गैरआवासीय नेपाली नागरिकको परिचय थप गरेको छ । अब गैरआवासीय नेपाली भन्नाले गैरआवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपाली परिचयपत्र प्राप्त भन्ने हुने भएको छ ।

यसै ऐनमा प्रविधि हस्तान्तरणको समेत परिभाषा बदलिएको छ । प्रविधि हस्तान्तरण भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण भनी नामाकरण गरिएको छ ।

यसमा पेटेन्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याति, प्राविधिक विशिष्टता, प्राविधिक ज्ञानको प्रयोग, सूत्र र प्रक्रिया समेटिएको छ । उपयोगको इजाजत (युजर्स लाइसेन्स) वा प्राविधिक जानकारी प्रदान (नो हाउ सेयरिङ), व्यवस्थापन तथा प्राविधिक सेवासमेत प्रविधि हस्तान्तरणका रूपमा समेटिएको छ । यसैगरी रिभर्स इन्जिनियरिङ समेत प्रविधि हस्तान्तरण मानिने भएको छ । यसअघि वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापक तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक ज्ञान सीप भनी उल्लेख थियो ।

यस ऐनमा संशोधन गर्दै सरकारले अब विदेशमा पनि प्रविधि हस्तान्तरण गर्न सक्ने प्रावधान ल्याएको छ । नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनीले विदेशस्थित उद्योग, फर्म वा कम्पनीमा प्रविधि हस्तान्तरण गर्न सक्ने भएको छ । यसअघि यो प्रावधान थिएन ।

प्रविधि हस्तान्तरण गरेबापत प्राप्त हुने विदेशी मुद्रा राष्ट्र बैंकको अनुमतिमा नेपाल भित्र्याउनुपर्ने समेत ऐनमा उल्लेख छ । प्रविधि हस्तान्तरण गर्न कुनै उद्योग, फर्म वा कम्पनीले उद्योग विभागको अनुमतिमा सम्बन्धित देशमा आफ्नो शाखा कार्यालय वा इकाई खोल्न सक्ने भएको छ ।

विदेशी वित्तीय संस्थाबाट उद्योगले ऋण लिँदा मन्त्रालयको सिफारिस चाहिने प्रावधान अब हटेको छ । अब राष्ट्र बैंकको स्वीकृतिमा ऋण लिन सकिने भएको छ । यसअघि लगानी स्वीकृतिका लागि लगानी बोर्ड र उद्योग विभाग गरी दुई निकाय रहेकोमा अब उद्योग विभागको मात्र जिम्मा हुने गरी तोकिएको छ ।

यसैगरी ऐनमा विदेशी लगानी भएको उद्योगले समान उद्देश्य भएको अन्य उद्योगसँग एकापसमा करार (कन्ट्र्याक्ट) वा उपकरार गरी वस्तु वा सेवाको उत्पादन गर्न वा गराउन सक्ने गरी तोकिएको छ । विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसायमा अब ७० प्रतिशतभन्दा बढी विदेशी लगानी हुने राइड सेयरिङलाई समेत समेटिएको छ ।

**स्टार्टअपलाई ऐनमार्फत सम्बोधन**

स्टार्टअप उद्यम वा व्यवसायलाई पनि ऐन संशोधनमार्फत समेटिएको छ । ऐनको दफा ४ पछि दफा ४ (क) थप गर्दै स्टार्टअप उद्यम वा व्यवसायको दर्ता तथा सञ्चालन व्यवस्था गरेको हो ।

कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रूपमा सञ्चालन गरेको उद्यम वा व्यवसायलाई यस ऐनबमोजिम उद्योग दर्ता गर्ने निकायले उद्योगका रूपमा दर्ता गर्दा स्टार्टअप उद्यम वा व्यवसायका रूपमा दर्ता गर्न सक्ने व्यवस्था गरेको हो ।

नयाँ कम्पनी, प्राइभेट फर्म वा साझेदारी फर्मका रूपमा दर्ता भएको, वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको, छिटो स्तरोन्नतिको सम्भावना भएको, हुनुपर्ने व्यवस्था गरिएको छ । दर्ता भएको मितिले १० वर्ष अवधि ननाघेको, दर्तापछि कुनै आर्थिक वर्षको वार्षिक कारोबार १५ करोडभन्दा बढी नभएको हुनपर्ने व्यवस्था गरेको हो ।

स्टार्टअप उद्यम वा व्यवसाय प्रवर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उद्यम सम्बर्द्धन केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्ने व्यवस्था ऐनमा भएको छ । स्टार्टअप उद्यम वा व्यवसायको नियमन त्यस्तो उद्यम वा व्यवसायको दर्ता गर्ने निकायबाट हुने व्यवस्था भएको छ । स्टार्टअप उद्यम वा व्यवसाय दर्ता गर्ने निकायले त्यससम्बन्धी विवरण छुट्टै अभिलेख तयार गरी राख्नुपर्ने छ ।

औद्योगिक व्यवसाय ऐनमा संशोधनमार्फत उद्योगले पाउने थप सुविधामा स्वीकृत कच्चापदार्थ खपतको क्षमताअनुसार कच्चापदार्थ प्रयोग गर्दा खेर जाने कच्चापदार्थ (जर्ती) को मापदण्ड उद्योग दर्ता गर्ने निकायले तोक्न सक्ने व्यवस्था गरेको छ ।

यस्तै १ अर्बभन्दा बढी पूँजी लगानीमा स्थापना हुने सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई नेपाल सरकारले तोकिए बमोजिम प्रोत्साहन तथा सुविधा प्रदान गर्न सक्ने भएको हो । स्टार्टअप उद्यम वा व्यवसायलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय तथा गैरवित्तीय सुविधा प्रदान गर्न सक्ने भएको छ ।

सोही ऐनमा संशोधन गर्दै उद्योग दर्ता गर्दा आवश्यक विवरण तथा कागजात पूरा नभए उद्योग दर्ता गर्ने निकायले नपुग विवरण र कागजात पेस गर्न २१ दिनको समय दिनुपर्ने व्यवस्था भएको छ । यसअघि ९० दिनसम्मको अवधि दिनुपर्ने थियो ।

यस्तै हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गाको ५० प्रतिशतसम्म जग्गा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का आधारमा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगको क्षमता अभिवृद्धिका लागि बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन र हदबन्दीको सीमाभित्रको जग्गा भूमिसम्बन्धी प्रचलित कानुन अधीनमा रही बिक्री गर्न सक्ने व्यवस्था गरेको हो । यस्तै तोकिएको सर्तको अधीनमा रही परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ) लिन समेत उक्त व्यवस्थाले समस्या नहुने भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# 'खुस्मा'का लागि घोडसवारी सिक्दै धीरज र उपासना

काठमाडौं / गत वर्ष अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीका लागि सुखद् रहेन । धीरजको 'ज्याकी' र 'एक भगवत् एक गीता' असफल भए । उपासनाको भने 'हात्तीछाप' चलेन । यसैले दुवैलाई यतिबेला सफल फिल्म चाहिएको छ । र, उनीहरु पहिलो पटक फिल्म 'खुस्मा'मा एकसाथ देखिँदैछन् । यो फिल्मको केही प्रतिशत छायांकन भइसकेको छ भने बाँकी यसै हप्ताबाट सुरु गरिँदैछ ।

यतिबेला उनीहरु फिल्मको छायांकनका लागि पूर्वी रुकुममा पर्ने दुर्गम पहाडी क्षेत्र मैकोट पुगेका छन् । रुकुम धीरजको गृहजिल्ला समेत हो । केही दिन अगाडि उनीसहित फिल्मको टिम उनको जन्मघर तकसेरा पुगेको थियो । त्यहाँ उनीहरुलाई स्थानीयले मगर संस्कृतिअनुसार स्वागत गरेका थिए । त्यसपछि तकसेराबाट पैदल यात्रा गरेर फिल्मको टिम छायांकनका लागि मैकोट पुगेको हो ।



अहिले त्यस गाउँमा धीरज र उपासनाले घोडसवारी सिकिरहेका छन् । सोमबार उपसनाले आफ्नो इन्स्टाग्राम स्टोरीमा घोडा सिक्न अभ्यास गरेको भिडियो सेअर गरेकी छन् । नेपालका दुर्गम क्षेत्रमा घोडालाई सवारीको रुपमा प्रयोग गरिन्छ । 'खुस्मा' पनि दुर्गम क्षेत्रको प्रेमकथामा आधारित भएर बन्न लागेकाले धीरज र उपासनाले कथाको मागअनुसार नै घोडा चढ्न सिकेको जनाइएको छ ।

अशोक थापा मगरले निर्देशन सम्हालेको फिल्ममा अस्तित्व भट्टचन, खड्क बहादुर पुन (खबपु), अरुण मगर पनि मुख्य भूमिकामा छन् । धीरजलाई जतिसक्दो चाँडो 'खुस्मा'को छायांकन भ्याउनुपर्ने दबाब छ । किनभने उनले सम्झौता गरेको अर्को फिल्म 'रुमानी रङ्ग'को टिम छायांकनमा निस्कने तयारीमा जुटिसकेको छ । उपासनाले भने 'खुस्मा'बाहेक अरु कुनै फिल्म सम्झौता गरेकी छैनन् ।

# फिल्ममा दिव्य देवको बढ्दो व्यस्तता, 'बलिदान'मा जोडिए

काठमाडौं / अभिनेता दिव्य देव रंगमञ्चका उत्पादन हुन् । फिल्ममा भने 'चिसो एस्ट्रे'बाट उनले डेब्यू गरे । यद्यपि, अभिनयको हिसाबले उनको पहिलो फिल्म 'रुदाने' हो, जुन वर्षौंदेखि अड्किएर बसेको छ । सशक्त अभिनय क्षमता र बोल्ड आवाजका कारण यतिबेला उनको नाटकभन्दा फिल्ममा व्यस्तता बढेको छ । प्राप्त जानकारीअनुसार, अहिले उनको पाइपलाइनमा लगभग आधा दर्जन फिल्म छन् ।



यसैबीच, दिव्य फिल्म 'बलिदान'मा जोडिएका छन् । शनिवार निर्देशक तथा निर्माता सन्तोष सेनले उनीसँग कागजी सम्झौता गरेका हुन् । फिल्ममा उनले प्रमुख भूमिकामध्ये एकमा अभिनय गर्ने सेनले जानकारी गराए । 'दिव्यजीलाई हामीले पहिलेदेखि नै नजरमा राखेका थियौं तर, कुराकानी चाहिँ हुन सकेको थिएन । फिल्मको एक प्रमुख पात्रको लागि उहाँ एकदमै सुहाउनुहुन्छ,' उनले भने ।

'चिसो एस्ट्रे'सहित 'हिजो आजका कुरा', 'द सेक्रेट्स अफ राधा', 'महाजात्रा' जस्ता फिल्ममा काम गरिसकेका दिव्यले हालै 'मेयर'को छायांकन सकाएका छन् । 'महाजात्रा'बाट पहिलोपटक व्यावसायिक सफलता प्राप्त गरेका उनले 'बलिदान'पछि 'पिताम्बर'मा काम गर्नेछन् । यसरी हेर्दा उनको करिअरले राम्रो रफ्तार समातिरहेको देखिन्छ । उनी प्रतिष्ठित मेकरहरुको रोजाईमा परि रहेका छन् ।

'बलिदान'बाट सुपरस्टार विराज भट्टका छोरा समीर भट्टले डेब्यू गर्दैछन् । अभिनेताद्वय सौगात मल्ल, अर्पण थापा र अभिनेत्री ऋचा शर्मा पनि फिल्ममा अनुबन्ध भइसकेका छन् ।

यस वर्षको दशैंको फूलपातीमा रिलिजको तयारी गरिएको फिल्मको यतिबेला पूर्वको इटहरीमा सेट डिजाइनको काम भइरहेको छ । यही बैशाख अन्तिमबाट फिल्मको छायांकन सुरु गर्ने तयारीमा निर्देशक सेन छन् ।

# जानकी मन्दिरमा मुहूर्तपछि 'रावायण'को छायांकन सुरु

काठमाडौं / निर्देशक सुदर्शन थापाले आफ्नो नयाँ फिल्म 'रावायण'को छायांकन सुरु गरेका छन् । सोमबार जनकपुरधामस्थित प्रख्यात जानकी मन्दिरमा शुभ-मुहूर्त गरेपछि त्यहाँको रेल्वे स्टेशनबाट छायांकन सुरु गरिएको हो । फिल्मको पहिलो दृश्य नै एक्सन खिचिएको छ । मुहूर्तमा निर्देशक थापासहित फिल्मका कलाकारहरु पल शाह, पूजा शर्मा, प्रमोद अग्रहरी, सुशान्त श्रेष्ठ लगायत सहभागी थिए ।




मंगलबारबाट सर्लाही जिल्लास्थित लालबन्दीमा छायांकन गरिने जानकारी प्राप्त छ । अधिकांश छायांकन त्यहीँ हुनेछ । एक्सन तथा लभस्टोरी कथामा बन्न लागेको फिल्ममा प्रियंका कार्की, पूर्व मिस नेपाल निकिता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकालको पनि अभिनय रहनेछ । फिल्मलाई 'लार्ज स्केल'मा निर्माण गर्ने तयारीमा निर्देशक थापा छन् ।

फिल्ममा पल एक्सन भूमिकामा प्रस्तुत हुँदैछन् । यसका उनले २२/२५ दिन एक्सनको बन्द प्रशिक्षण समेत लिएका थिए । फिल्ममा उनी दोहोरो भूमिकामा देखिनेछन् । सुदर्शन थापा र पूजा शर्माको संयुक्त निर्माण रहने फिल्मको आगामी भदौ २१ गतेलाई प्रदर्शन मिति घोषणा गरिसकिएको छ । सौरभ लामाले छायाँकन जिम्मेवारी सम्हालेको 'रावायण'मा शिवम् अधिकारीको लेखन रहेको छ ।

# माथिल्लो अरुण र दुधकोसी आयोजनाको सुरुङ टीबीएमले खन्ने

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले १०६३ मेगावाट माथिल्लो अरुण र ६३५ मेगावाटको दुधकोसी जलविद्युत् आयोजनाको सुरुङ खन्न टनेल बोरिङ मेसिङ (टीबीएम) प्रयोग गर्ने भएको छ ।

टीबीएममार्फत भेरी बबई र सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका सुरुङ खन्दा सफल र प्रभावकारी देखिएपछि उक्त प्रविधिलाई माथिल्लो अरुण र दुधकोसी जलविद्युत् आयोजनामा पनि प्रयोगमा ल्याउन लागिएको छ ।

अर्धजलाशययुक्त माथिल्लो अरुण जलविद्युत् आयोजनाको मुख्य सुरुङको लम्बाइ ८.४ किलोमिटर छ । दुधकोसी जलाशययुक्त जलविद्युत् आयोजनाको सुरुङको लम्बाइ १३ किलोमिटर छ । निर्माणको अधिकांश समय खर्च हुने जलविद्युत् आयोजनाहरुको सुरुङ हाल ड्रिलिङ गरी विस्फोटक पदार्थको प्रयोग गरी विस्फोट गराएर निर्माण हुँदै आएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेडका प्रबन्ध-सञ्चालक फडिन्द्रराज जोशी, दूधकाशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङ सम्मिलित टोलीले सुनकोशी मरिण आयोजनाको स्थलगत अवलोकन गरी टीबीएममार्फत खनिएको सुरुङको जानकारी लिएको छ ।

टोलीले टीबीएमको प्राविधिक पक्ष, यसको प्रयोग गर्दा बेहोर्नु परेका समस्या तथा चुनौतीहरु, भौगर्भिक जटिलता, लागत तथा समय, कामको गुणस्तर, प्रभावकारिता लगायतका विषयमा आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरी जानकारी लिएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सिंचाइका दुईवटा आयोजनाहरुको सुरुङ टीबीएममार्फत खन्दा समय थौरै लागेको र काम पनि गुणस्तरीय देखिएकाले उक्त प्रविधिलाई ठूला सुरुङ भएका दुई जलविद्युत आयोजनाहरू प्रयोगमा ल्याउन लागिएको बताए ।

घिसिङले माथिल्लो अरुण र दुधकोसी जलविद्युत् आयोजनाहरुको वित्तीय व्यवस्थापन अन्तिम चरणमा पुगेको र अब निर्माणका लागि टेण्डर आह्वान गर्न लागिएकाले भेरी बबई र सुनकोशी मरिणमा टिबिएमबाट सुरुङ खन्दा देखिएका समस्या र अनुभवलाई सम्बोधन गर्ने गरी टेन्डर कागजात तयार गरिने बताए ।

'सुनकोशी मरिण डाइभर्सन र दुधकोसीको मुख्य सुरुङको लम्बाइ बराबर भएकाले टीबीएमबाटै खन्ने गरी प्रक्रिया अगाडि बढाइसकेका छौं, माथिल्लो अरुणमा टीबीएम पुर्याउन प्रवेश सडक समस्या देखिएको छ, मेसिन पुऱ्याउन सम्भाव्य देखिएका उक्त आयोजनामा पनि टीबीएम नै प्रयोगमा ल्याइने छ,' घिसिङले भने ।

*(साभार: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# लोकतान्त्रिक शासन व्यवस्था सुन्दर प्रणाली: प्रदेशप्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले सार्वभौमसत्ता जनतामा निहित रही जननिर्वाचित प्रतिनिधिबाट शासन सञ्चालन हुने सुन्दर प्रणालीका रुपमा लोकतान्त्रिक शासन व्यवस्था रहेको बताएका छन् ।

लोकतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेशप्रमुख शर्माले अझ लोकतान्त्रिक आचरण, विश्वास र भरोसा जगाई लोकतन्त्रलाई सार्थकता प्रदान गर्न सबै पक्ष दृढताका साथ सदैव क्रियाशील रहनुपर्ने उल्लेख गरे । प्रमुख शर्माले वैशाख ११ लाई नेपाली जनताको लामो संघर्ष र बलिदानको फलस्वरुप लोकतन्त्र स्थापना भएको दिनका रुपमा उल्लेख गर्दै यो व्यवस्था प्राप्त गर्नका लागि आफ्नो जीवनउत्सर्ग गर्ने महान् शहीदप्रति सम्मान गरेका छन् ।



'जीवनलाई लोकतान्त्रिक मूल्य, मान्यता, आदर्श र सिद्धान्तप्रति समर्पित सम्पूर्ण लोकतान्त्रिक योद्धाप्रति उच्च सम्मान प्रकट गर्दछु ।', उनले भनेका छन् । वि.सं.२०६२/६३ सालको जनआन्दोलन सफल भई नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक र गौरवमय दिनका रुपमा हामीले यो दिवस मनाउने गरिएको भन्दै प्रमुख शर्माले उपयोग गरिरहेको स्वतन्त्रताको अधिकार विगतका विभिन्न कालखण्डमा नेपाली सपुतहरुको संघर्ष तथा बलिदानको प्रतिफल भएको उल्लेख गरे ।

प्रमुख शर्माले सन्देश मार्फत आस्थाको छानो, विश्वासको पर्खाल र भरोसाको स्तम्भहरुमा खडा भएको यो लोकतान्त्रिक परिपाटीको रक्षा, विकास र संविधानले परिकल्पना गरेको समाजवादसम्म पुग्न हामी सबैलाई आजको दिनले प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गरेका छन् ।

# बागमतीका १२ सय जनामा अटिजमसम्बन्धी समस्या

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ बागमती प्रदेशका १२ सय जनामा अटिजमसम्बन्धी समस्या रहेको पाइएको छ । राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक अनुसार, प्रदेशको १३ जिल्लामा एक हजार २५३ जनामा अटिजमसम्बन्धी समस्या रहेको पाइएको हो ।

तीमध्ये सबैभन्दा धेरै अटिजमका बिरामी काठमाडौंमा रहेका छन् भने सबैभन्दा कम रसुवामा रहेका छन् । त्यहाँ क्रमश: ४९५ जना र १७ जना अटिजमसम्बन्धी समस्या रहेका छन् । यसैगरी, चितवनमा ११३ जना, ललितपुरमा ८३, भक्तपुरमा ७८, मकवानपुरमा ७७, काभ्रेपलान्चोकमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुलीमा ६५/६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३, रामेछापमा २८ जना अटिजम भएको पाइएको छ ।

अटिजमलाई एक जटिल प्रकारको मस्तिष्कको विकासात्मक तथा जन्मजात अपाङ्गताको रुपमा मानिन्छ । शारीरिक रुपमा अपाङ्गता स्पष्ट नहुने र व्यावहारिकरुपमा मात्र चिनिने भएकोले यो अवस्था सानो उमेरमा पत्ता लगाउन समस्या हुने गर्दछ । आँखामा आँखा जुधाउन नसक्ने, एक्लै बस्न रुचाउने, बोलेर आफूलाई लागेको कुराहरु व्यक्त गर्न नसक्ने, शब्द वा वाक्यहरु दोहोऱ्याउने र फरक ढंगबाट स्नायुजन्य प्रतिक्रियाहरु देखाउने खालका व्यवहार अटिजमका लक्षणहरु हुन् ।

# विद्यालयस्तरीय एकलगायन प्रतियोगिता हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ हेटौंडामा विद्यालयस्तरीय एकलगायन प्रतियोगिता हुने भएको छ । आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरको सहयोगमा चैत १५ गते शनिबार एकलगायन प्रतियोगिता हुने भएको हो ।

वृहत् साहित्यक साँस्कृतिक कार्यक्रमसहित हुने गायन प्रतियोगितामा जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीले सहभागिता जनाउन पाउने आँचल कला पुञ्जकी अध्यक्ष भावना सापकोटाले जानकारी दिइन् । प्रतियागितामा सहभागी भएका प्रतियोगीले नेपालीपन झल्किने तथा सन्देशमूलक स्वदेशगान तथा आधुनिक गीत गाउनु पर्ने उनले बताइन् ।

प्रतियोगितामा एउटा विद्यालयबाट २ जना विद्यार्थीले सहभागिता जनाउन पाउनेछन् । सहभागी हुनका लागि प्रतियोगीले बिहीबारसम्म नाम दर्ता गराइसक्नुपर्ने बताइएको छ ।

प्रतियोगितामा गायनसँगै स्रष्टा सम्मान, बहस र रचना वाचन कार्यक्रम पनि हुने जनाइएको छ । प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: ८ हजार, ६ हजार, ४ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# कतारी राजालाई हात्ती उपहार दिने योजना के हो ?

काठमाडौं/कतारी राजा (अमिर) तमिम बिन हमाद अल थानीको नेपाल भ्रमण सिलसिलामा नेपालले हात्ती उपहार दिन गरेको तयारी तत्कालका लागि कार्यान्वयन नहुने देखिएको छ ।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको कतार भ्रमण क्रममा २०७५ सालमै नेपालले कतारलाई हात्ती उपहार दिने प्रतिबद्धता जनाएको थियो । यो प्रतिबद्धता राजा अल थानीको भ्रमणका बेला कार्यान्वयन गर्ने सरकारको तयारी थियो ।

तर, कतारकै तर्फबाट आवश्यक तयारी पूरा हुन नसक्दा राजाको भ्रमणकै सिलसिलामा तत्काल हात्ती दिने सरकारको योजना कार्यान्वयनमा भने नआउने वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुंगानाले जानकारी दिए ।

कतारले 'दुर्लभ वन्यजन्तु तथा वनस्पतिको व्यापार महासन्धि' (साइटिस) प्रावधानअनुसार स्वीकृति लिइनसकेका कारण यसपालि पनि हात्ती उपहार दिने गरी निर्णय कार्यान्वयन नहुने भएको ढुंगानाले जानकारी दिए ।

'हात्ती छनोट पनि भएको हो, द्विपक्षीय सम्झौताको पनि तयारी थियो, तर कतारका तर्फबाट लिनुपर्ने अप्रुभल (अनुमति) प्राप्त भइनसकेका कारण यसपालि सम्झौता नहुने भएको हो,' प्रवक्ता ढुंगानाले संचारकर्मीसँग भने ।

यद्दपि, सम्मानका लागि यो विषय परराष्ट्र मन्त्रालयको प्रेस नोटमा समेटेर पछि अर्को कुनै कार्यक्रम आयोजना गरी द्विपक्षीय सम्झौता र हात्ती हस्तान्तरण हुन सक्ने उनले बताए ।





'हामीले हात्ती, ती हात्तीलाई पालन-पोषण गरिरहेका माहुतेसहित छनोट गरी हाम्रो तयारी पूरा गरेका थियौं,' उनले भने, 'तर, महासन्धिअनुसार कतारको तयारी पूरा हुन सकेन ।'

सरकारले एक पोथी र एक भाले हात्ती उपहारका रूपमा कतार सरकारलाई हस्तान्तरणको योजना बनाएको थियो । रुद्रकली र खगेन्द्र प्रसाद नामका दुई हात्ती कतार सरकारलाई दिने गरी छनोट समेत गरिएको छ ।

प्रवक्ता ढुंगानाका अनुसार हात्तीसँगै नेपालबाट उनीहरूका सुसारेसमेत पठाइने छ । उनीहरूले कतारका कर्मचारीलाई केही समय हात्तीको सुसार कसरी गर्ने भन्नेबारे सिकाउने छन् । त्यसपछि नेपालबाट गएका माहुतेहरू नेपाल आउनेछन् ।

यसअघि नेपालको प्राविधिक टोलीले कतार पुगेर हात्तीको बासस्थान समेत अवलोकन-अध्ययन गरिसकेको छ । कतारलाई दिन लागिएका यी हात्ती ५ वर्ष उमेर हाराहारीका हुन् । दुवै हात्ती चितवन राष्ट्रिय निकुञ्जस्थित हात्ती प्रजनन तथा तालिम केन्द्रमा जन्मिएर हुर्किएका हुन् ।

उता, परराष्ट्र मन्त्रालय स्रोतले भने हात्ती उपहार दिनेबारे सम्झौता हुने जनाएको छ । मन्त्रालयका एक उच्च अधिकारीले नेपालले कतारलाई हात्ती उपहार दिनेबारे सम्झौताको तयारी रहेको बताए ।


## लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं ।
- कानूनी शासन सुनिश्चित गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं ।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बागमती सरकारको आम्दानी लक्ष्यअनुसार भएन

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ बागमती प्रदेश सरकारलाई चालु आर्थिक वर्ष २०८०/८१ मा आफैंले निर्धारण गरेको अनुदान र राजस्वको लक्ष्य पूरा गर्न चुनौती देखिएको छ ।

प्रदेश सरकारले चालु आवका लागि तय गरेको अनुदान र राजस्व प्राप्तिको अवस्था चालु आवको तीन महिना बाँकी हुँदा लक्ष्यको अनुपातमा कम प्राप्त भएको छ । गत चैत मसान्तसम्ममा प्रदेश सरकारले चालु आवमा अनुदान र राजस्व प्राप्तिका लागि गरेको अनुमानको आधाभन्दा पनि कम संकलन भएकाले अनुदान र राजस्वको लक्ष्य पूरा गर्न चुनौती देखिएको हो ।

चालु आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ राजस्व, अनुदान र अन्य स्रोतबाट आम्दानी हुने अनुमान गरेको प्रदेश सरकारलाई चालु आवको तीन महिना मात्र बाँकी हुँदा ४१.४३ प्रतिशत अर्थात् २५ अर्ब ९८ करोड ३१ लाख दुई हजार ४१६ रुपैयाँ मात्र संकलन भएको छ ।

राजस्व, अनुदान र अन्य स्रोतबाट भएको आम्दानी चालु आवको लक्ष्यको आधाभन्दा पनि कम भएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको चालु आवको चैत मसान्त सम्मको वित्तीय प्रगति विवरणमा उल्लेख छ ।

प्रदेश सरकारले गत फागुन मसान्तसम्ममा लक्ष्यको ३८.१० प्रतिशत अर्थात् २३ अर्ब ८९ करोड ३३ लाख ७५ हजार ७२० रुपैयाँ आम्दानी गरेको थियो ।

मन्त्रालयका सूचना अधिकारी डा. अर्जुन आचार्यका अनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान अनुमानभन्दा कम प्राप्त भएको र कतिपय राजस्व संकलनमा समेत गिरावट आएकाले लक्ष्य अनुसार आय नभएको उनले जनाए ।

# भाषा विधेयक कार्यान्वयन हुन्छ: मुख्यमन्त्री जम्कट्टेल



साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती प्रदेशमा भाषा विधेयक कार्यान्वयन गर्ने तयारी अन्तिम चरणमा रहेको बताएका छन् ।

नेवा: राष्ट्रिय मुक्तिमोर्चा नेपालका प्रतिनिधिसँग आइतबार हेटौंडामा भएको छलफलमा उनले कला, संस्कृति संरक्षण गर्ने ऐन पनि तत्काल मस्यौदा हुने जानकारी दिए । बागमती प्रदेशमा बहुसंख्यकले बोल्ने तामाङ र नेपाल भाषा (नेवारी) लाई सरकारी कामकाजका रुपमा कार्यान्वयन भएको घोषणा गरिने तयारी भएको जानकारी दिएका हुन् । उनले भाषा विधेयकलाई कार्यान्वयन गर्न विज्ञ समूह बनाएर एक सय १९ स्थानीय तह र एक हजार एक सय २१ वटा वडामा कार्यान्वयनमा लैजाने गरी अगाडि बढाउने तयारी गरिएको बताए ।

उनले भने, 'संघीयता कार्यान्वयनको महत्वपूर्ण पक्षका रुपमा भाषा विधेयक हो । प्रदेशभित्र रहेका कला, संस्कृति संरक्षण गर्ने ऐन आगामी साउन, भदौभित्र पारित हुन्छ ।' छलफलमा संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्य, लगायत नेवा: राष्ट्रिय मुक्तिमोर्चाका नेता कार्यकर्ताको सहभागिता थियो ।

# साबुन, हार्पिक र फिनेल बनाउने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १० वैशाख/ घरमा रोजगारीका अवसर नपाएर बसिरहेका महिलाका लागि सञ्चालन भएको साबुन, हार्पिक र फिनेल बनाउने तालिमको सम्पन्न भएको छ ।



हेटौंडा उपमहानगरपालिका र १३ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा वडास्तरीय महिला जागरण समूहले सञ्चालन गरेको तीनदिने तालिमको सोमबार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले समापन गरेकी हुन् । तालिममा सहभागि भई सिकेको सीपलाई व्यवहारमा उतार्दै काम गर्न आग्रह गरिन् । सीपलाई खेर जान नदिनका लागि समूह बनाएर काम गर्न सुझाव दिइन् ।

समूह बनाएर उत्पादन गरेको सामग्रीको बजारीकरणका लागि उपमहानगरपालिकाले सहयोग गर्ने उनले बताइन् । पछिल्लो समय उपमहानगरपालिकाले कामको अभाबमा रहेका महिलालक्षित गर्दै लघुउद्यममा लाग्नका लागि सहयोग गरिरहेको जानकारी दिइन् ।

जागरण समूहका अध्यक्ष गंगा चौलागाईको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१३ का अध्यक्ष पेम्बा लामा, हेटौंडा उपमहानगरपालिका सूचनाप्रबिधि अधिकृत भानुभक्त थपलिया, नगरप्रमुखका सचिवालय प्रमुख जगन्नाथ सापकोटा लगायतको आतिथ्यता रहेको थियो । तालिममा स्थानीय ३५ जना महिलाको सहभागिता रहेको थियो ।


## शिक्षक आवश्यकता (प्रथम संशोधन)

*प्रकाशित मिति: २०८१।०१।०६*

यस विद्यालयका लागि निम्न तह र विषयका शिक्षकहरु करारमा नियुक्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ :

**तपशिल:**

| क्र.सं. | तह/विषय | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | प्रा.शि. ग्रेड शिक्षक | १ जना (महिला) | कक्षा १२ उत्तीर्ण वा सो सरह, मन्टेश्वरी तालिमलाई प्राथमिकता |
| २ | प्रा.शि. अंग्रेजी | १ जना | मुख्य विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण वा सो सरह |
| ३ | प्रा.शि. विज्ञान | १ जना | मुख्य विषय विज्ञान लिई कक्षा १२ उत्तीर्ण वा सो सरह |
| ४ | नि.मा.शि. गणित | १ जना | मुख्य विषय गणित लिई कक्षा १२ उत्तीर्ण वा सो सरह<br>माथिल्लो योग्यता र अनुभवलाई विशेष प्राथमिकता प्रदान गरिनेछ । |

१. परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. दरखास्ता दिने अन्तिम मिति : २०८१/०१/१८ गते दिउँसो ४:०० बजे सम्म ।
४. लिखित परीक्षा : २०८१/०१/१९ गते बुधबार विहान ११:०० बजे ।
५. परीक्षा दस्तुर : नि.मा.वि. तहको लागि रु. १२००।- र प्रा.वि. तहको लागि रु.१०००।-
६. आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, एस.ई.ई. भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित आवेदन र फोटो १ प्रति
७. पाठ्यक्रम : नि.मा.वि. र प्रा.वि. शिक्षकका लागि शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार नि.मा.वि. तहको विषयगत पाठ्यक्रबाट १०० अंकको लिखित परीक्षा हुनेछ ।
ग्रेड शिक्षकको लागि : प्रा.वि. तहको पाठ्यक्रम अनुसार विषयगत १०० अंकको लिखित परीक्षा हुनेछ ।
८. अध्यापन अनुमति पत्र : अनिवार्य नरहेको ।

**ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय**
हेटौंडा-५, भैरवरोड, मकवानपुर
फोन : ०५७-५२३४१५, ९८५५०६९१८४



हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना